११४९/६४३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३६४/२०७१/०७२

निर्णय नं. ७५३

डिल्लीबजार, का.म.न.पा. ३२ बस्ने रोज कुमार श्रेष्ठ..........................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, बीमा समिति, काठमाडौं ..........................................१ विपक्षी

सूचना अधिकारी, बीमा समिति, काठमाडौं ..........................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

डिल्लीबजार, का.म.न.पा. ३२ बस्ने रोज कुमार श्रेष्ठले बीमा समिति, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।२८ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. ७० मिति २०७२।०४।१९ को पत्रबाट बीमा समिति, काठमाण्डौलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७२ चैत्र २३ गते रोज ३ शुभम्